स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र

हेटौंडा, मकवानपुर

कार्यालय कोड ३७००१३२०१

प.सं.२०८२/०८३

च.नं.

**प्रकाशित मिति : २०८३।०१।१७**

**विषय : प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको चालु आर्थिक बर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत "प्रयोगशाला तथा ईन्टोमोलोजी सम्बन्धी स्वास्थ्यकर्मीहरुको आधारभूत तथा पुनर्ताजगी तालिमको लागि तालीम सामाग्रीको विकास राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रको समन्वयमा" कार्य सम्पन्न गर्नको लागि संलग्न कार्य विवरण (TOR) बमोजिमको कार्य गर्न इच्छुक परामर्शदाता (गैर सरकारी संस्था/कम्पनी)) ले यो सूचना प्रकाशित मितिले सात (७) दिन भित्र आर्थिक तथा प्राविधिढ प्रस्ताव यस कार्यालयको इमेल ठेगाना vbdrtc.mohp@gmail.com मा पेश गर्नु हुन सूचित गरिन्छ ।

२०८३।०१।१८

निर्देशक

फोन नं. ०५७ ५२०५७२/५२३११६

इमेल vbdrtc.mohp@gmail.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र
हेटौंडा, मकवानपुर

परामर्श सेवाको लागि कार्य विवरणः

**शीर्षक**

नेपालमा स्वास्थ्यकर्मीहरूको लागि मेडिकल ईन्टोमोलोजी प्रशिक्षणको लागि लर्निङ रिसोर्स प्याकेज (LRP) को विकास

**पृष्ठभूमि**

कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र (VBDRTC), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल कीटजन्य रोगहरूको रोकथाम र नियन्त्रणमा क्षमताबृद्धि गर्ने जिम्मेवारीमा रहेको छ। स्वास्थ्यकर्मीहरूको सीपलाई बढावा दिनका लागि, VBDRTC ले मेडिकल ईन्टोमोलोजी तालिमका लागि समग्र लर्निङ रिसोर्स प्याकेज (LRP) विकास गर्ने योजना बनाएको छ। यो प्याकेजले आधारभूत र पूनर्ताजगी ईन्टोमोलोजी तालिम कार्यक्रमहरूलाई सहयोग गर्नेछ। LRP को विकास राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (NHTC) को समन्वयमा गरिने छ।

**उद्देश्यहरू**

- स्वास्थ्यकर्मीहरूको लागि मेडिकल ईन्टोमोलोजी तालिमको लागि गुणस्तरीय LRP विकास गर्न आवश्यक संदर्भ सामग्रीको संकलन र समीक्षा गर्ने।
- विभिन्न स्वास्थ्यकर्मीहरुको लागि मेडिकल ईन्टोमोलोजी तालिमको लागि एक प्रशिक्षक तालिम निर्देशिका र प्रशिक्षार्थी पाठ्य सामग्रीहरु तयार गर्ने।

**कार्य विवरण**

परामर्शदाता फर्म/कम्पनी/गै.स.सं. लेः

१. संदर्भ सामग्री र तालिम सामग्रीको संकलन र समीक्षा गर्ने।
२. सरोकारवाला निकायहरूसँग परामर्श बैठक गर्ने ।
३. मेडिकल ईन्टोमोलोजीका विषय विशेषज्ञहरूसँग परामर्श बैठक गर्ने।
४. आधारभूत र पूनर्ताजगी तालिमका लागि प्रशिक्षक तालिम निर्देशिका विकास गर्ने।
५. विश्व स्वास्थ्य संगठनबाट प्राप्त सुझावहरु र राष्ट्रिय मार्ग निर्देशिकाको कुरा सुनिश्चित गर्ने।
६. प्रशिक्षक तालिम निर्देशिका र प्रशिक्षार्थी पाठ्य सामग्रीहरुको अन्तिम संस्करणहरू प्रिन्ट-रेडी र डिजिटल रुपमा बुझाउने।
७. इन्टोमोलोजिकल सुपरिवेक्षण तथा अनुगमनको कार्य निरीक्षण जाँच सूची तयार पार्ने।

**अपेक्षित उपलब्धि (Deliverables)**

कार्य योजना र कार्य विधि सहितको प्रारम्भिक प्रतिवेदन।

- आधारभूत र पूनर्ताजगी तालिमको लागि प्रशिक्षक तालिम निर्देशिकाको मस्यौदा।
- आधारभूत र पुनर्ताजगी तालिमको लागि प्रशिक्षार्थी पाठ्य सामग्रीहरुको मस्यौदा ।
- कार्यशाला प्रतिवेदन।
- Facilitators Guide र Participants Manual प्रिन्ट-रेडी र डिजिटल (अन्तिम मस्यौदा)।

**समयावधि**

यो कार्य सम्झौतासँगै ४५ दिन भित्र सम्पन्न गर्नुपर्ने छ।

**आवश्यक योग्यता**

परामर्शदाता फर्म/कम्पनी/गै.स.सं. सँग निम्न लिखित अनुभव हुनु पर्नेछः

स्वास्थ्य क्षेत्रको तालिम सामाग्री/ पाठ्यक्रम विकास तयारीमा अनुभव भएको।

मेडिकल ईन्टोमोलोजी/कीटजन्य रोगहरूको क्षेत्रमा विशेषज्ञता भएको।

२०८२/१/१६
निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र
हेटौंडा, मकवानपुर

**प्रतिवेदन र सुपरिवेक्षण**

परामर्शदाता फर्म/कम्पनी/गै.स.सं. ले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (NHTC) सँगको समन्वयमा काम गर्नेछ र VBDRTC का निर्देशकलाई प्रतिवेदन पेश गर्नुपर्ने छ।

**मूल्याङ्कन मापदण्डहरू**

- सम्बन्धित विषयको अनुभव र विशेषज्ञता।
- प्राविधिक प्रस्तावको गुणस्तर, वित्तीय प्रस्ताव।

निर्देशक